गण्डकी प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

पत्र संख्या :२०८२/८३
चलानी नं. :

पोखरा,
नेपाल।

## स्थानीय तहको सरुवा सम्बन्धी सूचना !

१. गण्डकी प्रदेश अन्तर्गतका विभिन्न स्थानीय तहमा कार्यरत विभिन्न सेवा/समूह र तहका ३०० (तीन) सय भन्दा बढी कर्मचारीहरुले सरुवा माग निवेदन पेस गरेको र निरन्तर निवेदन प्राप्त भइराखेको अवस्था रहेको छ।

२. चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रमको कार्यान्वयन द्रुत गतिमा भईरहेको र आगामी आर्थिक बर्षको योजना तर्जुमा प्रक्रिया सुरु भइसकेको कारणले ठुलो संख्यामा कर्मचारीको सरुवा गर्दा स्थानीय तहको स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन र योजना तर्जुमा प्रक्रियामा गम्भीर असर पर्ने भनी विभिन्न स्थानीय तहबाट सुझाव प्राप्त भएको, दुर्गम क्षेत्रका स्थानीय तहमा कर्मचारीको अभाव र सुगम क्षेत्रमा अधिक कर्मचारी हुन सक्ने देखिएकोले प्राप्त निवेदनमाथि छलफल भइरहेको जानकारी गराउँदै स्थानीय तहको आवश्यकता, कर्मचारीको पर्याप्तता र कार्यबोझ समेतको विश्लेषण गरी प्रचलित कानून बमोजिम उपयुक्त समयमा सरुवा सम्बन्धी निर्णय गरी त्यसको जानकारी कार्यालयको वेबसाइट ocmcm.gandaki@gmail.com र सम्बन्धित स्थानीय तहको ईमेलमा जानकारी गराइने साथै चालु आर्थिक बर्षमा प्राप्त हुने नयाँ निवेदनमाथि कुनै कारवाही नहुने व्यहोरा सम्बन्धित सबैलाई सुचित गरिन्छ।

३. कुनै स्थानीय तहमा विशेष परिस्थिति परी कर्मचारी आवश्यक भएमा सम्बन्धित स्थानीयले पुष्टि हुने आधार र कागजातसहित कार्यालयको ईमेल ocmcm.gandaki@gmail.com मा पठाउनुहुन अनुरोध छ। स्थानीय तहको कार्यसञ्चालनमा सहजताको लागि प्राप्त पत्र तथा प्रचलित कानून बमोजिम हुने व्यहोरा समेत अनुरोध गरिन्छ।

२०८२/१२/२६

उपसचिव

टेलिफोन नं : ०६१-४६७६८३, ४६७८५१, ४६७६६४ फ्याक्स: ०६१-४६७६६५ वेबसाइट: ocmcm.gandaki.gov.np इमेल: ocmcm@gandaki.gov.np, ocmcm.gandaki@gmail.com